चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
वीर अस्पताल
महाबौद्ध, काठमाण्डौं

फोन नं.: ०१-५९७०७५०

## करार सेवामा General Practice & Emergency Medicine विषयका शिक्षक लिने सम्बन्धी सूचना

**(सुचना नं. २/०८२/०८३ प्रकाशित मिति २०८२/०९/३०)**

चि.वि.रा.प्र. कार्यकारी परिषद्को मिति २०८२/०४/१३, २०८२/०४/१६ गते बसेको १६२, १६३ बैठकको निर्णय एवम् चि.वि.रा.प्र. सभाको मिति २०८२/०४/२६ गते बसेको ३३ औ सभा बैठकको निर्णयानुसार चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा General Practice & Emergency Medicine विषयका Faculty शिक्षक व्यवस्थापन गरी शैक्षिक कार्यक्रम संञ्चालन गर्नको लागि Faculty शिक्षक करारमा लिने सन्दर्भमा चि.वि.रा.प्र. (उपकुलपतिस्तर) को मिति २०८२/०९/३० को निर्णयानुसार देहाय बमोजिमका MDGP शिक्षकहरु यस प्रतिष्ठानलाई आवश्यक नभएमा स्वतः हट्ने गरी मिति २०८३ असार मसान्त सम्मको लागि करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले मिति २०८२/१०/२० गतेभित्र रितपूर्वकको विवरण भरी दरखास्त फाराम पेश गर्नुहुन पदपुर्ति समितिको मिति २०८२/०९/३० को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

१) करारमा पदपूर्ती सम्बन्धी विवरणः-

| विज्ञापन | सेवा | समूह | पदको नाम | विषय | माग संख्या | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १/२०८२/०८३ | प्राध्यापन | | Assit. Prof. | General Practice & Emergency Medicine | ५ (पाँच) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उतिर्ण भई नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको मान्य अवधि रहेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी भएको |

२) आवश्यक न्युनतम योग्यताः-

१ मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित पदको लागि सम्बन्धित विषयमा स्नाकोत्तर तह उतिर्ण गरेको।



CS Scanned with CamScanner

२ नेपाली नागरिक हुनु पर्ने ।

३ २१ बर्ष पूरा भै ४५ बर्ष ननाघेको।

४ कुनै पनि फौजदारी अभियोगमा सजाय नपाएको ।

५ मित्र राष्ट्रबाट शैक्षिक योग्यता हासिल गरेको हकमा समकक्षता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने।

६ नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको मान्य अविध भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने ।

७ शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

८ व्यक्तिगत विवरण (बायोडाटा) ।

९ उम्मेदवारहरुले आफुले हासिल गरेका तालिम तथा कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी पेश गर्न सक्नेछन ।

१० सहायक प्राध्यापक अथवा, TUTOR भै कम्तिमा १ बर्ष काम गरेको अथवा

११ एम.डी. एम.एस. उपाधि प्रश्चात कम्तिमा १ वर्ष काम गरेको (एक पटकलाई मात्र) हुनु पर्ने ।

१२ स्वास्थ्य विज्ञान सम्वन्धी कुनै विषयमा मुख्य लेखक भै १ वटा कृर्तिहरु राष्ट्रिय वा अन्तराष्ट्रिय मेडिकल जरनलमा प्रकाशित भएको ।

१३ अन्य प्रचलित कानुन बमोजिम अयोग्य नभएको

३) छनौट विधि- उम्मेदवारहरुले पेश गरेको दरखास्त फाराम संख्याहरुको आधारमा एवम् कार्यालयको आवश्यकता अनुसार विषय विज्ञ आमन्त्रण गरी उपर्युक्त विधि अपनाई उम्मेदवार छनौट गरिने ।

४) छनौट सम्बन्धी सुचना:- चि.वि.रा.प्र., वीर अस्पतालको Website, https; // www.nams.edu.np/en मार्फत पछि प्रकाशन गरिनेछ ।

५) दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरु:- दरखास्त फाराममा पासपोर्ट साइजको फोटो टाँसी उम्मेदवारको व्यक्तिगत विवरण लगायतका सम्पूर्ण विवरणहरु भरी आफुले प्राप्त गरेका आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपीहरु, नेपाली नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी, नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको मान्य अवधि भएको प्रमाण पत्रको प्रतिलिपीहरुमा उम्मेदवारले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी पेश गर्नुपर्नेछ। साथै आफुसँग कार्य अनुभव र तालिमको प्रमाण-पत्र भए सो समेत पेश गर्न सकिनेछ ।

६) परीक्षा दस्तुर रु. २०००/- (दुई हजार मात्र) चि.वि.रा.प्र.को नाममा राष्ट्रिय वाणिज्य बैंक भोटाहिटी शाखामा रहेको प्रतिष्ठानको खाता नं. National Academy Of Medical Science, A/C No. 1360100002334001 मा राजश्व बुझाई भौचरको सक्कलै प्रति दरखास्त साथ पेश गर्नुपर्नेछ ।



CS Scanned with CamScanner

७) दरखास्त बुझाउने अन्तिम मिति, समय र स्थानः- सूचना प्रकाशित भएको २१ (एकाईसौं) दिन, (मिति २०८२/१०/२० गते मंगलबार) भित्र कार्यालय समय (अपरान्ह ४.३० बजेसम्म), चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, सर्जिकल भवनको छैटौं तला, सोधपुछ कक्षमा दरखास्त फाराम बुझाईसक्नु पर्नेछ।

८) दरखास्त फारामः- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको website https; // www.nams.edu.np/en बाट दरखास्त फाराम डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

९) तोकिए बमोजिमका आवश्यक कागज नभएको तथा शैक्षिक योग्यता नपुगेका उम्मेदवारको दरखास्त फाराम जुनसुकै बेला पनि बदर गर्न सकिनेछ।

१०) तलब स्केलः- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको नियम अनुसार एवम् चि. वि. रा. प्र. सभाको मिति २०८०/०५/३१ गते बसेको २८ औं सभा बैठकको निर्णय नं. ०८ (१) अनुसार Medical तर्फ ( MD / MS / MDS / DM / MCH ) अन्तर्गत सोही बमोजिम सहायक प्राध्यापकले पाए सरह सेवा, सुविधा पाउने छ

पूनश्चः- दरखास्त फाराम तथा परीक्षा सम्बन्धी कुनै कुरा बुझ्नु परेमा चि.वि.रा.प्र. सर्जिकल भवनको छैटौं तला, सोधपुछ कक्षमा सम्पर्क राख्न सकिनेछ ।



पदपूर्ति समिति,
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ।

Scanned with CamScanner